# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## नौगाड गाउँपालिका
## दार्चुला

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## नौगाड गाउँपालिका
## दार्चुला

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## नौगाड गाउँपालिका

## दार्चुला

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
सुदूरपश्चिम प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं. १११

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

नौगाड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

दार्चुला ।

१. **कैफियत सहितको राय** — हामीले नौगाड गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ८० लाख ८४ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई रु.१४ लाख ९१ हजार फस्यौंट भएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२ लाख १७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२० लाख ८५ हजार, नियमित गर्नुपर्ने रु. ४२ लाख ९१ हजार समेत रु.६५ लाख ९३ हजार रहेको छ । नौगाड गाउँपालिकाको गतवर्ष सम्म रु.२ करोड ९९ लाख ६१ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत

हालसम्मको अद्यावधिक बेरुजु रु.२ करोड ६९ लाख ३२ हजार रहेको छ । नौगाड गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नौगाड गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नौगाड गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

# नौगाड गाउँपालिका,

## दार्चुला ।

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५६ | ११ | ८०८४ | ० | १ | १४९१ | ५६ | १० | ६५९३ | २१७ | ४२९१ | २०८५ | ० | ० | ६३७६ | |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दार्चुला | २९९६१ | ० | ९६२२ | २०३३९ | ० | ६५९३ | २६९३२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| २०७९।८० (चालु वर्षको) | | | | |
| १ | २०७९।८० | ३२.२ | नापि किताब र ठेक्का बिल रकम भन्दा बढी भुक्तानी | १४९१०३७ |
| | चालु वर्षको जम्मा | | | १४९१०३७ |
| गत विगत वर्षतर्फको | | | | |
| २ | २०७८।७९ | | NAMS को अनुसूचिबाट प्राप्त विवरण अनुसार विभिन्न दफाको सम्परीक्षण भएको रकम | १००७७९ |
| ३ | २०७७।७८ | | NAMS को अनुसूचिबाट प्राप्त विवरण अनुसार विभिन्न दफाको सम्परीक्षण भएको रकम | ९५२१०५३ |
| | गत विगतको जम्मा | | | ९६२१८३२ |
| | कुल जम्मा | | | ११११२८६९ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१.

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह - अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडारहेको छ भने क्षेत्रफल १८०.२७ वर्ग किलोमिटर तथा १५८७४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।११ देखि २०८०।५।१२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय र व्ययतर्फ रु. १ अर्ब २ करोड ६५ लाख ७० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२. **म्याद ननाघेको पेश्की -** म्याद ननाघेको पेश्की - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष झोपु निर्माण र स्वास्थ्य भवन निर्माण कार्यक्रमम ३ संस्थालाई रु.१८,७०,००० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्र्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| **पेश्कीलिने ब्यक्ती, फर्म वा कम्पनीको नाम** | **म्याद ननाघेको** |
|---|---|
| समाजकल्याण समाज(झोलुङ्गेपुल निर्माण) | ३,००,०००.०० |
| नमस्कार निर्माण तथा ढुवानी सेवा(स्वास्थ्य चौकि भवन निर्माण) | १४,००,०००.०० |
| जामिर झोलुङ्गे पूल योजना उपभोक्ता समिति(झोलुङ्गेपुल निर्माण) | १,७०,०००.०० |

३. **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन,

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको देखिएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• कार्यालयको स्रेस्ता र वैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको पाईएन,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरीकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन,

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ-टीडिएस नगरेको पाईयो ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । कार्यालय प्रमुखबाट अनिबार्य रुपमा खर्चका विल भरपाई प्रमाणित गर्नुपर्दछ ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना भएको पाईएन।
• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको छैन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन,

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिकामा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सोको अभिलेख राखेको देखिएन । यस्तो कार्यमा सुधार गरी गाउपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४. **संगठन तथा कर्मचारी व्यवस्थापन** -

४.१ **दरबन्दी पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ

। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, शिक्षा अधिकृत सहित १५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

---

४.२ **अवकास कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.४,९३,७१३।६० ट्रान्सफर गरी हाल सम्म रु. १९,६७,९४७।३० जम्मा गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गरेको देखियो । आवश्यक कानुन बनाई कोषको उचित व्यवस्थापन गर्नुपर्दछ ।

---

## ५. सम्पत्ति उपयोग र संरक्षण -

---

५.१ **फोहरमैला व्यवस्थापन** – फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

---

५.२ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

---

५.३ आर्थिक कार्यविधी तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण, सम्पत्तीको निरीक्षण लगायत बिभिन्न व्यवस्थाहरु गरेको छ । स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा स्थानिय तहको सम्पत्ती संरक्षण सम्वन्धी व्यवस्था गरेको छ । कार्यालयले सम्पति र मालसामानको जिन्सी निरीक्षण गरेको छैन । ६ वटा वडा कार्यालयहरु र बिषयगत शाखामा रहेको जिन्सी र सोको अभिलेख लेखापरीक्षणमा पेश हुन आएन । बिगतका स्थानिय निकायमा रहेको जिन्सी सम्पत्ती, पेश्की बाकी र बेरुजु बाकी तथा सम्पत्ती र दायित्वको स्थिती सम्वन्धमा लेखापरीक्षणमा यकिन हुन सकेन । पालिका परिसरमा १ वटा एम्वुलेन्स नचलाएको अवस्थामा राखेको देखियो । जिन्सी निरीक्षण नभएको कारण उक्त साधनहरु चल्ने वा लिलामी गर्नुपर्ने सो कुरा खुल्न सकेको देखिदैन । यसबाट आन्तरिक नियन्त्रण कमजोर हुन गएको र सम्पत्तीको सदुपयोग भए देखिएन । पालिकाले कानूनमा भएको व्यवस्था बमोजिम जिन्सी निरीक्षण गरी पेश गर्नुपर्दछ । लामो समयदेखि संचालनमा नरहेका मेशिनरी फर्निचर लगायतका सवारी साधनहरु जिन्सी निरीक्षण गरी प्रतिवेदन अनुसार गर्नुपर्दछ । पालिकालाई सहयोग प्राप्त उक्त एम्वुलेन्स मर्मत खर्च बढी भएकोले संचालन गर्न सक्ने अवस्थामा नरहेको पालिकाले जनाएको छ । मेशिनरी सामान संचालन योग्य नभएर लामो समयसम्म राख्दा त्यसको स्क्राप मूल्य घट्दै जाने भएकोले प्राविधिकबाट मूल्यांकन गराई अन्य निकायलाई हस्तान्तरण गर्ने वा लिलाम विक्री गर्नुपर्दछ । कार्यालय परिसरमा संचालनमा नरहेका उक्त एम्वुलेन्सको तस्विर देहायानुसार छ ।




पालिकामा रहेको १ वटा स्काभेटरबाट पालिकाक्षेत्रभित्र बाटो स्तरोन्नती लगायतका विकास निर्माण कार्यको लागि प्रयोग भएको जानकारी प्राप्त भएको छ । उक्त साधन प्रयोगबापत प्राप्त भएको आम्दानी एकिन गरेको देखिँदैन । साथै उक्त साधनबाट के कति काम भएको हो सोको नापी किताव खुल्ने गरी विवरण पेश भएको छैन । सवारी साधनमा भएको इन्धनको विवरण लेखापरीक्षणको क्रममा माग गर्दा पेश भएन । सावरी साधन, जेसिवी लगायतका साधनको लग बुक, काम गरेको नापी किताव, लग सिट पेश नभएकोले उपयोगको अवस्था एकिन गर्न सकिएन । यस वर्ष इन्धन तथा सवारी साधनमा भएको खर्चको मूल्याङ्कन गरी महत्तम उपयोग गर्ने कार्यविधि तयार गरी संचालन गर्नुपर्दछ । पालिकाले पाम्स प्रयोग गरेको भएपनि विगत वर्षको सम्पत्तीलाई प्रविष्टि गरेको देखिएन । लेखापरीक्षणको क्रममा भण्डार प्रमुखलाई सोधनी हुदा फ्रिज, कुर्सी, सोफा सेट, स्टिल दराज लगायतका खर्च भएर नजाने सामानहरु जिन्सी मौज्दात भन्दा बढि रहेको जनाएका छन । लेखापरीक्षणको क्रममा जिन्सी दाखिला भएको खाता माग गर्दा पेश नभएकोले खरिद गरेका सामानहरु

जिन्सी दाखिला कानून बमोजिम भएको भन्न सकिने आधार देखिएन । पालिकाले जिन्सी दाखिला अद्यावधिक गरी विवरण पेश गर्नुपर्दछ ।

---

५.४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । मिति २०७६/२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तीको सकेत (Chart of Account) को आधारमा सम्पत्तीको लेखाकंन तयार हुने र स्वीकृत मलेप फारम अनुसार सम्पत्ती लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको छ । २०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ । पालिकाले कम्तिमा वार्षिक रुपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको, आवधिक रुपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेको, कर्मचारी सरुवा हुँदा जारी हुने रवानापत्र भण्डार शाखाबाट जारी हुने भण्डार स्वीकृतिपत्र प्राप्त गरे पछि मात्र हुनुपर्नेमा सो नगरेको, पालिकाले वैदेशिक सहयोगबाट प्राप्त गरेको वा कुनै ठेक्का सम्झौता अनुसार प्राप्त सम्पतिहरु कार्यालयको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख नगरेको, जिन्सी अभिलेखका लागि तोकिएका मलेप फाराम ४०१ देखि ४१८ सम्म प्रयोग नगरेको, कम्तिमा वार्षिक रुपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको, म.ले.प. फाराम ४०१- माग फाराम म.ले.प. फाराम ४०२- खरिद आदेश म.ले.प. फाराम ४०३- दाखिला प्रतिवेदन फाराम म.ले.प. फाराम ४०४- खर्च/निकासा फाराम म.ले.प. फाराम ४०५- जिन्सी स्टोर फिर्ता फाराम म.ले.प. फाराम ४०६- हस्तान्तरण फाराम म.ले.प. फाराम ४०७- खर्च भएर जाने जिन्सी खाता म.ले.प. फाराम ४०८- खर्च भएर नजाने (खप्ने मालसामानको) जिन्सी खाता म.ले.प. फाराम ४०९- बिन कार्ड म.ले.प. फाराम ४१०- जिन्सी निसर्ग / मिन्हा फाराम म.ले.प. फाराम ४११- जिन्सी निरीक्षण फाराम म.ले.प. फाराम ४१२- जिन्सी सहायक खाता म.ले.प. फाराम ४१३- जिन्सी मौज्दातको वार्षिक विवरण म.ले.प. फाराम ४१४- मर्मत, सम्भार तथा संरक्षण आवेदन फाराम म.ले.प. फाराम ४१५- मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता म.ले.प. फाराम ४१६- भाडामा दिएको/लिएको सम्पत्ति अभिलेख किताब म.ले.प. फाराम ४१७- घर जग्गाको लगत किताब म.ले.प. फाराम ४१८ - स्थिर सम्पत्तिको मूल्याङ्कन फाराम प्रयोग गरेको देखिएन । यसबाट जिन्सी आम्दानी र खर्च व्यवस्थित छ भन्न सकिने आधार देखिदैन । पालिकाले सबै मलेप फारमहरु प्रयोगमा ल्याई हालसम्मको जिन्सी आम्दानी तथा हुने खर्चलाई PAMS प्रविष्टी गरी पेश गर्नुपर्दछ ।

---

## ६. कानून निर्माण एवं कार्यान्वयन -

६.१ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, १ वटा नियमावली, २० वटा कार्यविधि लगायत ३३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

६.२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ र यो वर्ष थप भएको ६ गरी कुल १२ विवाद दर्ता भएकोमा ७ वटा मात्र फस्यौंट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ७. राजस्व आन्तरिक नियन्त्रण -

७.१ **राजस्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रु.४३,२५,६०४.३८ राजस्व असुली भएकोमा राख्नुपर्ने मलेप फारामहरुको अभिलेख नराख्नुको साथै प्राप्त हुनुपर्ने र प्राप्त भएको आम्दानी परिक्षण गर्ने आन्तरिक प्रणाली समेत नगरेको हुँदा प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा यकिन हुन सकिएन । साथै पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन यकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

७.२ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१,९९,४०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

७.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३००००० | ३४८८२२ | ११६ |
| घरजग्गा वहाल कर | १५५००० | ५४३१५६ | ३५० |

| | | | |
|---|---|---|---|
| व्यवसाय कर | २६२००० | १९९४०० | ७६ |
| वहाल विरौटी शुल्क | ० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

७.४ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५०,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.४३,२५,६०४।३८ अर्थात अनुमान भन्दा १३.४९ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

७.५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

७.६ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३८८६०७४६२ | ४३२५६०४।३८ | १.१२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८. **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ती तथा जिन्सी मालसामानको मौजुदा अवस्थामा

वर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गराई महालेखापरीक्षकबाट स्विकृत ढाँचामा सम्पत्ती तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन । जिन्सीमा जिन्सीसँग सम्वन्धित जनशक्ती राखेको छैन । लेखापरीक्षणको क्रममा माग भएका जिन्सी मालसामन फिर्ता फारम म.ले.प.फारम नं. ४०४, सम्पत्ती खाता खर्च भएर जाने म.ले.प.फारम नं. ४०७ र खर्च भएर नजाने म.ले.प.फारम नं.४०८, जिन्सी निरीक्षण फारम म.ले.प.फारम नं.४११, जिन्सी सहायक खाता म.ले.प.फारम नं. ४१२, सम्पत्ती/जिन्सी मालसामानको वार्षिक विवरण म.ले.प.फारम नं.४१३, मर्मत आवेदन तथा आदेश फारम म.ले.प.फारम नं. ४१४, मर्मत सम्पन्न फारम म.ले.प.फारम नं. ४१४ क, मर्मत अभिलेख खाता म.ले.प.फारम नं.४१५, भाडामा दिएको/लिएको सम्पत्ती अभिलेख किताव म.ले.प.फारम नं.४१६, सरकारी जग्गाको लगत किताव म.ले.प.फारम नं. ४१७, सरकारी भवनको लगत किताव म.ले.प.फारम नं. ४१७ क, सम्पत्ती मूल्यांकन फारम म.ले.प.फारम नं. ४१८, खरिद सम्पत्ती गोश्वरा लगत म.ले.प.फारम नं.५०७ लगायतका जिन्सी मालसमानको अभिलेखीकरण गर्ने फारमहरु केही नवनाएको छ भने केही अद्यावधिक गर्नुपर्नेमा सो नगरेको देखियो । यसबाट पालिकाको जिन्सीको यथार्थ अवस्था एकिन गर्न सकिने अवस्था रहेन । कानूनमा भएको व्यवस्था बमोजिमका म.ले.प.फारम नं.हरु तयार गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

---

९. **बजेट तथा कार्यक्रम तर्जुमा -** बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

---

१०. **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

---

११. **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

११.१ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.२,९६,९४,२७३।४९ मौज्दात रहेकोमा यो वर्ष रु.२,९७,१३,७५३।३७ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१९,४७९।८८ बढी जिम्मेवारी सारेको छ । यस सम्बन्धमा हिसाव मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।

११.२ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.७,४४,०८,९८९ यस वर्षको भुक्तानी रु.७,४४,०८,९८९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | २९७१३७५३.३७ | ४३९२३२५३८.७५ | ४३८५२०७४८.४७ | ३०४२५५४३.६५ |
| एकीकृत आर्थिक विवरणअनुसार | २९७१३७५३.३७ | ५१३६४१५२७.७५ | ५१२९२९७३७.४७ | ३०४२५५४३.६५ |
| फरक | ० | ७४४०८९८९.०० | ७४४०८९८९.०० | ० |

११.३ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.४,५७,३८,३२०,

एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२,१२,७७,४००, स्थानीय तह प्रशासकिय भवन पूर्वाधारको रु.६९,२८,२६९ र अन्य रु.४,६५,००० समेत गरी रु.७,४४,०८,९८९ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

## १२. बजेट तथा कार्यक्रम -

१२.१ **आवधिक योजना —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

• **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

• **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१२.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम स्थानीय तहले आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण समिति गठन गरी सुझाव बजेट तर्जुमा समावेश भए नभएको विवरण पेश नभएको

---

१२.३ कार्यालयले त्रैमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

- **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुंजीगत खर्चतर्फ | १२७०४० | १२५४८ | १५७०८ | ५०९४८ | ४७८३५ | २९२८८ |
| प्रतिशत | | ९.८८ | १२.३६ | ४०.१ | ३७.६५ | २३.०५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १२ करोड ७० लाख ४० हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१ करोड २५ लाख ४८ हजार (९.८८प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड ५७ लाख ८ हजार (१२.३६प्रतिशत), तेस्रो त्रैमासिकमा रु.५ करोड ९ लाख ४८ हजार (४०.१ प्रतिशत) र चौथो त्रैमासिकमा रु.४ करोड ७८ लाख ३५ हजार (३७.६५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २ करोड ९२ लाख ८८ हजार (२३.०५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

- वार्षिक खरिद योजना/गुरुयोजना - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को

नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१२७०४०५८०। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थप घट समेत कार्यपालिकाको निर्णयबाट रु. १ करोड ७५ लाख ७१ हजार रकमान्तर गरेको छ। उक्त रकम रु. ४६ करोड ९९ लाख ११ हजार वजेटको तुलनामा ३।७४ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

१२.४ **योजनाप्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल १५५ योजनामा वजेट विनियोजन गरेको छ।

| क. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ३५ | ७ | ७ | १७ |
| २. | वडास्तरीय | १२० | ० | ३ | ११७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १४६ योजनामात्र कार्यान्वयन भई ९ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१२.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** |
| १ | आर्थिक विकास | ५६३५३४६० | ४५०२७९८२ | 10.75 |
| २ | पूर्वाधार विकास | ७६४७६००० | ६२७०४६४४ | 14.97 |
| ३ | सामाजिक विकास | २२३१६०२६० | २०९१६३१८७.९ | 49.93 |
| ४ | बातावरण तथा विकास | २३१००० | १७६०६८० | 0.42 |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ६६५०९०० | ६२४९४०१४.३३ | 14.92 |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ४५१०२३४० | ३७७३८१६८.२४ | 9.01 |
| **जम्मा** | | **४६९९११०६०** | **४१८८८८६७६.४७** | १००% |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४९.९३ प्रतिशत र बातावरण तथा विकासमा सबै भन्दा घटीमा ०.४२ प्रतिशत रहेको छ ।

• **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु४३,२५,६०४।३८ राजस्व बाँडफाँड र अनुदानबाट रु ५१,३३,०७,८४५ समेत रु.५१,७६,३३,४४९.३आम्दानी भएकोमा चालु तर्फ रु २९१८४८०९६।४७ र पूँजिगत तर्फ रु १२,७०,४०,५८०। र अन्य तर्फ रु.९,४०,४१,०६१समेत रु.५१,२९,२९,७३७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८४प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.५२,८०,७३५ खर्च भएको छ जुन आन्तरिक आयको ८१.९१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२ प्रतिशत चालु र २७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

---

१३. **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.९७,९२,००० भुक्तानी

गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु..

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| इन्जिनियर छैठौं | १ | ३६०००० |
| सहायक पाँचौ | २ | ५२८००० |
| स इ पाचौं | १ | २६४००० |
| सि अनमि/अनमि | १८ | ४३२०००० |
| हेअ/सिअहेव/अहेव | ५ | १२००००० |
| ल्याव असेस्टेन्ट | ६ | १४४०००० |
| समविनि | १ | २४०००० |
| स क अपरेटर | ६ | १४४०००० |
| जम्मा | | ९७९२००० |

१४. **पारिश्रमिक कर** - आयकर ऐन,२०५८ को दफा ४ अनुसूची-१(२) अनुसार प्राकृतिक व्यक्तिको लागि वार्षिक आयमा कर गणनागर्नु पर्ने व्यवस्था छ ।यस पालिकामा करारमा कार्यरत एम वि वि एस डक्टर सन्तोष सिंह कुवरको मासिक रु.१ ७,७ ५,०० का दरले भाद्र देखि असार सम्मको रु.१९,५२,५००। भुक्तानी भएकोमा बार्षिक रु.३,४१,७५०। कट्टि गर्नुपर्नेमा रु.३,०२,५००। कट्टा गरेकोले रु.३९,२५०। घटि कर कट्टि सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,२५० |

१५. **इन्धन खर्च** - गाँउपालिका कार्यालयमा १ डोजर, १० वटा मोटरसाइकल र १ जेनेरेटर रहेको छ । ति सवारीसाधन र जेनेरेटरमा इन्धन राखेको भनी रु २०,१०,०००। इन्धन खर्च गरेको देखिन्छ । भाडामा लिएको गाडीमा (अध्यक्षले प्रयोग गर्ने ) मासिक औसत २४० लि इन्धन प्रयोग गरेको देखियो । यस्तै मोटरसाइकल १० वटाको लागि मासिक ३० लिटर भन्दा बढी पेट्रोल प्रयोग भएको देखिन्छ । प्रति मोटरसाइकल मासिक २५ लि देखि ४० लि सम्म प्रयोग भएको पाइयो । यस वर्ष डोजरको इन्धन र मर्मत खर्च वापत रु १०,६८,१८२। भुक्तानी गरेको छ । इन्धन खर्च गर्ने सम्बन्धमा प्रति सवारी साधन मासिक इन्धन परिमाण सम्बन्धमा कुनै मापदण्ड नबनाई अनियन्त्रित रुपम इन्धन खर्च गरेको पाइयो । गाँउपालिका अध्यक्षले प्रयोग गर्ने भाडाको गाडीको लागि मासिक औसत २४० लि. डिजल खर्च गरेकोमा गाँउपालिकाको कार्यक्षेत्र भ्रमण गर्दा उक्त इन्धन खपत हुने देखिदैन । कुनै पनि सवारी साधनको लागि इन्धनको मासिक मापदण्ड तयार नगरेको, सवारी साधन प्रयोगको लगबुक राख्ने नगरेको र इन्धन खपत

स्वभाविक समेत नदेखिएकोले इन्धन खर्च मितव्ययी र उपयुक्त रहेको छ भन्ने सम्बन्धमा सुनिश्चित हुने स्थिति देखिदैन । यस्तो कार्यमा मापदण्ड बनाई खर्च गर्नुपर्दछ ।

१६. **घरभाडा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(११) मा सार्वजनिक निकायले वार्षिक पाँच लाख भन्दा बढी भाडा तिर्नुपर्ने गरी घर भाडामा लिनुपरेमा नियम ९४(४) बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहने समितिबाट घर भाडा निर्धारण गर्नुपर्ने व्यवस्था छ । यस जिल्लाबाट कायम भएको जिल्ला दररेट अनुसार गाडी जाने बाटो भएकोमा रु १५। प्रति वर्ग फिट गाडी जाने बाटो नभएकोमा रु १३। प्रति वर्गफीट उल्लेख छ । पालिकाले यस वर्ष गाउँपालिका चालू शिर्षकबाट रु ४,२६,४०५। घर भाडा वापत भुक्तानी गरेको छ । नियममा भएको व्यवस्था बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको समितिबाट भाडा निर्धारण गरेको छैन । साथै, कोठाको क्षेत्रफललाई आधार लिई घर भाडा निर्धारण गरेको देखिएन । कानूनमा भएको व्यवस्थाको पूर्णपालना हुनुपर्दछ ।

१७. **भ्रमण खर्च** - भ्रमण खर्च नियमावली २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने, भ्रमणबाट फर्के पश्चात उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धी समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने व्यवस्था छ । साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनिय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालिको व्यवस्था गर्नुपर्ने उल्लेख छ । गाउँपालिका कार्यालयले यो वर्ष भ्रमण खर्च र अनुगमन मूल्याङ्कन शिर्षकमा रु. २१,४४,९१२। खर्च लेखेको देखियो ।

लेखापरीक्षणको क्रममा संकलन गरिएको विवरण अनुसार गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीले सबैले दैनिक भ्रमण भत्ता प्राप्त गरेको देखियो । कार्यालय प्रमुख, लेखा प्रमख, प्राविधिक शाखा प्रमुख, प्रशासन शाखाका कर्मचारी, जिन्सी हेर्ने कर्मचारी, योजना हेर्ने कर्मचारी नै औचित्य नखुल्ने गरी भ्रमणमा जाने गरेको देखिएको छ । भ्रमण खर्च भुक्तानी भएका सवैजसो भ्रमण आदेशमा भ्रमणको स्पष्ट उद्देश्य र कारण नखुलाई कार्यालयको कामकाजको लागि भनी उल्लेख गरेको कर्मचारी वा पदाधिकारी भ्रमण गई कार्यालयको काम सम्पादन गरेको पुष्टि हुने प्रमाण तथा भ्रमण प्रतिवेदन पेश हुने नगरेकोले भ्रमण खर्च सरकारी कामको लागि भएको हो भनि यकिन गर्ने अवस्था देखिएन । पेश भएका भ्रमण आदेश तथा भ्रमण विल लगायत कागजातबाट भ्रमण खर्चको औचित्य पुष्टि हुने देखिँदैन । वडा सचिव, कार्यालय सहयोगी, वडा अध्यक्ष, सदस्य लगायत अधिकांश पदको कार्य विवरण अनुसार पालिका बाहेक अन्यत्र खासै काम नहुनेमा प्रत्येक महिना कार्यालयको कामकाज उल्लेख गरी जिल्ला सदरमुकाम खलङ्गा दार्चुला तथा जिल्ला वाहिर धनगढी लगायत स्थानमा गएको देखाउने गरेको पाइयो । जुन भ्रमणको औचित्य पुष्टि हुने देखिँदैन । भ्रमणमा खटाउने सम्बन्धमा कार्यालय प्रमुखले आन्तरीक नियन्त्रण प्रणालीलाई व्यवस्थित गरेको देखिएन । यसरी आवश्यकता र औचित्य वेगर भ्रमण आदेश स्वीकृत गर्ने र भ्रमण गर्ने परिपाटीमा अविलम्ब नियन्त्रण हुनुपर्दछ ।

१८. **आर्थिक सहायता** - नेपाल सरकारले यस जिल्लामा गरिव घर परीवार पहिचान कार्यक्रम संचालन गरी गरिव घरपरिवार परिचयपत्र वितरण गरिसकेको अवस्था छ । यस वर्ष पालिकाले आर्थिक सहायता वापत १६४ जनालाई रु ४ हजार देखि ५० हजारसम्म सहायता प्रदान गरी रु १७,५५,३००। वितरण गरेको छ

। उक्त सहायता प्रदान गर्दा अति विपन्न, आर्थिक अवस्था कमजोर रहेको जस्ता सिफारिश पेश गरेको देखिन्छ । सरकारले पहिचान गरी वितरण गरेको गरिव घर धुरी परिचयपत्रलाई आधार प्रमाण लिई सहायता दिएको देखिदैन । सेवाग्राहीको परिचयपत्रलाई प्रमाण नलिई प्रदान गरेको आर्थिक सहायता नियमसम्मत देखिदैन । यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।

१९. **मसलन्द तथा कार्यालय सामाग्री** - मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा रु ५४,४८,१४६। बजारमा गई समानहरु खरिद गर्ने गरेको देखियो । उक्त रकमको खरिद कार्य गर्दा नियमानुसार बोलपत्रको माध्यमबाट खरिद नगरी पटक पटक सोझै खरिद गर्ने गरेको देखिन्छ । सामान खरिद गरी ल्याएपछि स्पेशिफिकेशन जाँच गरी जिन्सी खातामा आम्दानी जनाई ति सामान प्रयोगकर्ता कर्मचारीहरुको माग फारामको आधारमा जिन्सी खाताबाट खर्च जनाउनुपर्नेमा कतिपय सामानहरु जिन्सी आम्दानी नजनाउने, माग फाराम स्विकृत नगर्ने, माग फारामहरु व्यवस्थित नराख्ने, जिन्सीबाट माग फारामको आधारमा खर्च नघटाई जिन्सी खातामा पुरै मौज्दात देखाउने, बर्षान्तमा खर्च नभएको सामानको मौज्दात विवरण तयार नगर्ने, जिन्सी निरीक्षण तथा मौज्दात परीक्षण नगरेको स्थिति देखियो । खरीद भएका सामानहरुको अभिलेख तथा प्रयोगको अवस्था सम्बन्धमा जिन्सी खाताबाट यकिन गर्ने स्थिति देखिएन । यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।

२०. **विविध खर्च** - महालेखा नियन्त्रक कार्यालयद्धारा प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार खर्च संकेत नं.२२७११ विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शनि, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाको विविध खर्च शिर्षकमा रु.५,३३,३२७०। बजेट व्यवस्था गरेकोमा रु.४६,३२,४४०। खर्च गरेको छ । उक्त खर्च अन्तर्गत अधिकाशं खर्च होटलको बिल पेश हुने गरेको, बिलमा सयौको संख्यामा मासुभात, मासु चिउरा, लगायत खाजा खानाको बिल पेश हुने गरेको छ । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र पेश हुने गरेको छ । पेश भएका बिलबाट मात्र खर्च पुष्टि हुने देखिदैन । खर्चका प्रत्येक बिलमा के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।

२१. **लघु उद्यम विकास कार्यक्रम** - गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । पालिकाले सिप विकास तालिम अन्तरगत १ महिने ड्राईभिङ तालिमको लागि ९ जनालाई छनौट गरी धनगढीमा पठाउदा सामान्यतया सार्वजनिक गाडीमा यात्रा गर्दा १५०० देखि २००० सम्म भाडा लाग्ने भए तापनि प्रतिव्यक्ति ४०००। राखी रु.७२,०००। भुक्तानी दिएकोले प्रचलित भाडालाई आधार मानेर भुक्तानी दिनुपर्नेमा बढी हुने गरी दिएकोले नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३६,००० |

२२. **कार्यक्रम विपरित खर्च** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअल, २०७७ को बुँदा ४.१.८ बमोजिम पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । साथै उक्तम्यानुअलको बुँदा ४.१.९.२ को क्रियाकलापका सूचीमा मात्र स्थानीय तहले खर्च गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत सञ्चालनमा रहेका देहायका पकेट विकास कार्यक्रम सञ्चालन गर्दा लाभान्वित वर्गको सहभागितामा आवश्यकता र प्राविधिक दृष्ट्रिले उपयुक्त क्रियाकलाप छनौट गरी बढीमा २ बर्षको लागि लागत अनुमान तथा कार्ययोजना तयार गर्नुपर्ने र पहिलो बर्ष कम्तिमा छनौट भएको पकेट क्षेत्रमा लागतको ६० प्रतिशत रकम परिचालन गर्ने र सञ्चालित पकेटको प्रोफाईल तयार गर्ने तथा बार्षिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने जस्ता व्यवस्था भएकोमा उल्लेखित व्यवस्था वेगर पकेट कार्यक्रममा खर्च गरेको देखियो । पालिकाले कार्यक्रम सञ्चालन गर्दा परियोजना म्यानुअल अनुसार गर्नुपर्नेमा गरेको देखिएन ।

| कृषक समूह | पकेट कार्यक्रम | रकम |
|---|---|---|
| च्याउबाली पकेट विकास कार्यक्रम सञ्चालन समिति | च्याउ पकेट विकास कार्यक्रम ४ सिप्टि | १२००००० |
| आलुबाली पकेट विकास कार्यक्रम सञ्चालन समिति | आलु पकेट विकास कार्यक्रम १ इयरकोट | १२००००० |
| आलुबाली पकेट विकास कार्यक्रम सञ्चालन | ०७८।७९ आलुबाली पकेट विकास कार्यक्रम निरन्तरता | ५४५००० |

२३. **अनुदान बितरण** - बितरण गरिने अनुदानलाई नतिजा एवं उत्पादनसँग आबद्ध गरी अनुदानको प्रभावकारिता बृद्धि गर्न सोलाई मार्गदर्शन गर्ने गरी अनुदान सम्बन्धी एककृत अनुदान नीति तथा कानून तर्जुमा गरी अनुदान वितरण तोकिएको उद्देश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीलाई अनुदान वितरण गर्नुपर्दछ ।पालिकाले यस सम्बन्धमा कुनै कानुन तथा निति तयार गरेको छैन । कार्यालयबाट खर्च हुने अनुदानमा संघको कार्यक्रमको संघिय निर्देशिका र स्थानीय तहबाट खर्च हुने अनुदानको स्थानीय निर्देशिकालाई पालना गरेर खर्च गर्नुपर्दछ । यसले गर्दा अनुदान वितरणमा वास्तविक लाभग्राहिले नपाउने, पाए पनि उच्चतम सदुपयोगको सुनिश्चतता नहुने जोखिम देखिन्छ । पालिकाबाट हुने अनुगमन मुल्याँङ्कनमा वास्तविक वस्तुस्थितिको कार्यक्रम पूर्व तथा कार्यक्रम पश्चातको काम झल्कने गरी फोटो, लाभ ग्राहिको परिचय खुल्ने कागजात तथा अनुगमन प्रतिवेदन वेगर अनुगमन भत्ताको मात्र विल भर्पाई रहने गरेको देखिन्छ । अनुदान रकम बितरण गरेकै आधारमा सबै काम सम्पन्न भई वितरित रकमको उच्चतम सदुपयोग भएको छ भनि बिश्वस्त हुने अबस्था देखिदैन । साथै उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्ने र अनुदान प्राप्त गर्ने अनुदानग्राहीहरुको अभिलेख राख्ने तर्फ पालिकाको ध्यान जान आवश्यक देखिन्छ ।

## २४ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

२४.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन ।योजनामा पिसिसि गरेको काम भए पनि सोको विल भर्पाई नरहेको तथा लागत अनुमान तयार गर्दा एउटा कामको लागि कति मानिस लाग्ने हो भनि यकिन नगरी निश्चित मानिसलाई १०० दिन रोजगारी पुऱ्याउने उद्देश्यले लागत अनुमान तयार गरी भुक्तानी गरेको देखिन्छ । कामका लागी रोजगार कार्यक्रममा पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक योजना छनौट भएका देखिन्छन् । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा घोरेटोबाटो निर्माण, तटवन्धन, अन्य विद्यालय भवन मर्मत लगायतका ४९ वटा कार्यक्रम सञ्चालन गरी २८४ जनालाई औषत ८८ दिन रोजगारी उपलव्ध गराई श्रमिक ज्यालामा रु.१,४२,०६,३४५। खर्च लेखेको छ । पालिकाले यसै योजनाको लागि साझेदारीमा रु.२०,२२,३१३। खर्च गरेकोमा सामाग्रि खरिद गरी भुक्तानी दिएको देखिन्छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

२४.२ २७९।०८०।२।११ अल्लो प्रशोधनका लागि घर निर्माण १ इयरकोट नौगाडमा भवन निर्माण कार्य गर्दा लागत अनुमानमा पालिकाले तयार गरेको दर विश्लेषण अनुसार गर्नुपर्नेमा देहायका आईटममा दर फरक पारी तयार गरेकोले बढी भुक्तानी भएको देखिएकोले असुल गर्नुपर्ने रु.

| विवरण | परिमाण | भएको दर | हुनुपर्ने दर | फरक दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| सुख्खा ढुङ्गाको पर्खाल | ४२.५४ घमि | ४२२३.६६ | ३६४४.६५ | ५७९.०१ | २४६४३ |
| मेटलको झ्याल ढोका | २०५ केजि | २३३.०७ | २०७.७३ | २५.३४ | ५१९४ |
| लोकल काठको झ्याल ढोका | १.५४८ वर्गमिटर | ६८८०.९६ | ५९८४.४४ | ८९७.५३ | १३८९ |
| जम्मा | | | | | ३१२२६ |

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ३१,२२६ |

२५. **शिक्षक विद्यार्थि अनुपात -**

२५.१ शिक्षा ऐन,२०२८ १६ च१ अनुसार जिल्ला शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्ने जस अनुसार हिमालमा ४० विद्यार्थी बराबर १ शिक्षक, पहाडमा ४५ विद्यार्थी बराबर १ शिक्षक र तराई तथा उपत्यकामा ५० विद्यार्थी बराबर १ शिक्षक हुनुपर्ने व्यवस्था गरेको छ । नियमावलीमा प्राथमिक विद्यालयमा शिक्षक एक जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तिमा दुई जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तिमा तीन जना, निम्न माध्यमिक विद्यालयमा चार जना र कक्षा १ देखि ८ सम्म सञ्चालन भएको विद्यालयमा कम्तिमा सात जना शिक्षक रहने व्यवस्था रहेको छ। पालिकाको ऐनमा भएको व्यवस्था अनुसार कार्याव्वयन गरेको देखिएन । ऐनको पालनामा ध्यान दिनुपर्ने देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा २५.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२५.२ स्थानीय तहले संघ तथा प्रदेशबाट प्राप्त समानीकरण लगायतका स्रोतबाट विद्यालयले नीजि श्रोतमा राखेको शिक्षकको तलब भत्तामा रकम विनियोजन गरी रु.१,४७,४९,१२४। खर्च लेखेकोमा निजी शिक्षक नियुक्ति गर्दा बिधार्थी शिक्षक अनुपात मिल्ने गरी नियुक्ति गरेको देखिएन । यसरी शिक्षक विद्यार्थिको अनुपात निमलाई समानिकरणबाट खर्च लेख्नु मनासिव देखिएन । पालिकाले निजि शिक्षक नियुक्ति गर्दा विद्यार्थि शिक्षक अनुपात ख्याल गर्नुपर्नेमा गरेको देखिएन ।

२६. **विद्यालय अनुगमन -** कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० अनुसार विद्यालयलाई दिने अनुदान यकीन विद्यार्थी संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन मापदण्ड तयार गरी अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा ४३ विद्यालय रहेकोमा विद्यालय अनुगमन मापदण्ड तयार नगरेकोतथा विद्यालयहरुको अनुगमन गरेको भनि रु.१,१७,७४०। खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश भएन यसरी विद्यालयमा गएका सवै प्रकारका अनुदानको अनुगमन नगरेकोले निकासा भएका अनुदानहरु सहि सदुपयोग भए नभएको एकिन हुने अवस्था छैन ।नियममा भएको व्यवस्थाको पालनामा पालिकाले ध्यान दिनुपर्दछ ।

२७. **स्यानीटरी प्याड खरिद तथा वितरण -** पालिकामा कुल कक्षा ६ देखि १२ सम्मका सामुदायीक विद्यालयका १४०९ छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड ६३४७५ थान बोलपत्रको माध्यमबाट प्रति थान रु.६० (मु अ कर सहित) को लागत अनुमान गरी युनिग्लोब ड्रग सप्लायर्स (६११६९५६०२) बाट प्रति थान रु. २७.१२ का दरले कुल रु.१७२१४४२ (मु अ कर समेत) मा खरिद गरेको छ । स्यानीटरी प्याड (बितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु बितरण गर्ने बिद्यालयले छात्राको नाम नामेशी सहितको अभिलेख राख्नु पर्ने, एक छात्रा लाई १० महिनाको एक चक्रमा बढीमा

१६ वटा सम्म हुने गरी खरिद गर्नुपर्ने, प्याड खरिद गर्दा शैक्षिक सत्रको सुरुमै खरिद गरी विद्यालयलाई वितरण गर्ने, विद्यालयले सो को चौमासिक प्रगति प्रतिवेदन स्थानीय तहमा पेश गर्ने स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाएनु पर्ने लगायतका कार्य गर्नु पर्नेमा बजेट उपलव्धताको आधारमा खरिद गर्ने र विद्यालयलाई एकमुष्ठ वितरण गरेको तथा निर्देशिकामा तोकेको मापदण्ड अनुसार गुणस्तर परिक्षण गरेको प्रमाण समेत संलग्न नगरेको र तोके अनुसार अभिलेख समेत रहेको पाइएन । कार्यबिधिले तोकेको प्रकृया पुरा गरेको नदेखिनु मनासिब नदेखिएकोले यस्तो प्रकृयामा सुधार हुनु पर्दछ ।

२८. **औषधि उपकरण खरिद -**

२८.१ पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी रु.४७,२४,५२७। भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । पालिकाले आयात गरेको औषधिको स्पेसिफिकेसन अनुसार दाखिला गरेको तथा ईन्सफेक्सन समेत नगरी बुझेकोले तोकेको गुणस्तरका औषधि आए नआएको यकिन गर्न सकिएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

२८.२ खरिद गरिएको औषधिमा निशुल्क वितरणको लागि उल्लेख नभएको तथा अन्य निकायबाट प्राप्त भएको औषधिको अभिलेख समेत व्यवस्थित गरी राखेको देखिएन ।

२९. **आलु ब्लक** - आलु ब्लक समितिलाई यस आर्थिक वर्षमा गत वर्षको ३० प्रतिशत बाँकी रकम रु १,२०,०००। भुक्तानी गरेको देखियो । ६० क्विन्टल आलुको एकैजनाले सहिछाप गरेको जस्तो देखिने वितरण भरपाई संलग्न उक्त कारोबारमा ५० प्रतिशत रकम कृषि ज्ञान केन्द्रले उपलब्ध गराएको २० प्रतिशत आलु ब्लक समिति र ३० प्रतिशत रकम पालिकाले व्यहोरेको देखिन्छ । कृषि ज्ञान केन्द्रले लागत साझेदारी अन्तर्गत ५० प्रतिशत अनुदान उपलब्ध गराएकोमा बाँकी ५० प्रतिशत कृषकको अंश रहने हुन्छ । कृषि ज्ञान केन्द्रले पालिका र कृषक सहितको त्रिपक्षिय सम्झौता गरेको देखिदैन । पालिकाले कृषकले बुझेको भरपाईको आधारमा ३० प्रतिशत रकम भुक्तानी दिनु कृषि ज्ञान केन्द्रको कार्यक्रम अनुकुल देखिदैन । कार्यक्रमको उद्देश्य अनुकुल नहुने गरी भुक्तानी भएको रकम नियमसम्मत देखिदैन

। यसरी रकम भुक्तानी गर्दा अन्य निकायसँग भएको सम्झौता तथा कार्यक्रमको उद्देश्यलाई सहयोग पुग्ने गरी समन्वय गरेर मात्र खर्च लेख्नुपर्नेमा सो बमोजिम नभएको रु

| | |
|---|---|
| अनियमित भएको | १,२०,००० |

३०. **प्रमाण कागजात** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको कारोबार गर्दा प्राविधिक विजक संलग्न नगरेको, खरिद विजक संलग्न नगरी भुक्तानी गरेको देखियो । यसबाट वास्तविक कार्य भए नभएको एकिन गर्न सकिने अवस्था रहेन । देहाय बमोजिम प्रमाण संलग्न गरी पेश गर्नुपर्ने देखिएको रु.

| भौचर नं/मिति | विवरण | रकम रु |
|---|---|---|
| 375-2079/12/10 | वडा न. २ को लागि खरिद भएको पाइप प्रयोग भएको नापी किताव र स्थान उल्लेख नगरेकोले प्रमाण पेश गर्नुपर्ने देखिएको रु | १९९०६०.० |
| 164-2079/9/13 | ल्यापटप खरिद गरेको भएपनि विजक संलग्न नरहेकोले प्रमाण पेश गर्नुपर्ने | ८००६०.० |
| 123-2079/12/22 | जस्तापाता खरिद गरी वितरण भएकोमा प्रयोग भएको लाभग्राहीको प्राविधिक विल/नापी पेश हुनुपर्ने रु | २५२९९७.० |
| ३८२-०७९/१२/१४ | श्री ताराकोट भवानी आविलाई फर्निचर खरिद गरेकोमा आम्दानी बाधेको प्रमाण पेश नभएको । | ९५६२४.० |
| पूजिगत २२-०७९।९।१३ | वडा नं ३ को डाडा जामिर घोवा निर्माणको लागत अनुमान, दर विश्लेषण, नापी किताव प्राविधिक विल तथा कार्यस्विकार प्रतिवेदन वेगर भुक्तानी भएकोले प्रमाण पेश गर्नुपर्ने रु | २४००००.० |
| पूजिगत ३२-०७९।१०।५ | दिपज्योती आविको फर्निचर खरिद आम्दानि बाधेको प्रमाण नरहेको । | १९०७५३.० |
| पूजिगत ४७-०७९।१०।१५ | श्री मालिकार्जुन आवि भिड वडा नं ५ को फर्निचर खरिद गरेकोमा विद्यालयले आम्दानी बाधेको प्रमाण नरहेकोले प्रमाण पेश गर्नुपर्ने रु | ४८०००.० |

| | | |
|---|---|---|
| | जम्मा | ११०६४९४.० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,०६,४९४ |

३१. **ठेक्का नं १५।०७७।०७८ १० शैय्या स्वास्थ्य भवन निर्माण कार्य -**

३१.१ ठेक्का नं १५।०७७।०७८ १० शैय्या स्वास्थ्य भवन निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी M/S Dhulikhel/L.B. and A.B.-JV, Dhangadhi बीच कवोल अंक रु ७,८१,६६,६६५।८१(मू.अ. कर र प्रोभिजनल समेत) को मिति २०८०।०२।०६ मा काम सम्पन्न गर्नेगरी मिति २०७८।०२।०७ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार हरेको छ :

**क . भेरिएशन आदेश -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा भेरिएशन सम्वन्धी कार्यविधिको व्यवस्था छ ।आइटम नं. ७ Good quality ashlar stone machinery work in 1:6 C/S mortar in super structure above ground floor को ठेक्का व्यवस्थापनको लागि शुरु लागत अनुमान तयार गर्दा १८३.७१ घ.मी. को प्रति घ.मी. रु २४,३८९।५१(मू.अ.कर वाहेक) को लागत अनुमान तयार भएकोमा निर्माण व्यवसायीले उक्त आइटमका लागि निर्माण व्यवसायी धुलिखेल/एल.बि.ए.बि. जे.भी. ले पेश गरेको वी.ओ.क्यु. मा प्रति घ.मी. रु ८,५००।००(मू.अ.कर वाहेक) अर्थात ६५.१४% घटीमा काम गर्नेगरी कवोल गरी खरिद सम्झौता भएको छ । यस गाउँकार्यपालिकाले निर्णय गरी साडे तीन तला भवन निर्माणको सुपर स्टक्चरका लागि स्टोन मेशिनरी मजवुद नहुने हुदाँ व्रिक मेशिनरीको काम गराउने गरी मिति २०७८।०७।१६ गते निर्णय भएको पालिकाले जानकारी दिएको छ । पालिकाले स्टोन मेशिनरीको सट्टा व्रिक मेशिनरी आइटम भेरिएशन गर्दा लागत अनुमान रु २३,८००.०० रहेकोमा निर्माण व्यवसायीसँग नेगोशिएशन गरी रु २३,५००.००(अर्थात १.६% घटी) मा काम गर्ने गरी निर्णय भएको छ । आइटम नं. ७ stone machinery work in 1:6 C/S mortar in ground floor को ४६.४५ घ.मी. को प्रति घ.मी. ८,०००।००(मू.अ.कर वाहेक) रु ३,७१,६००.०० , आइटम नं. ८ providing & laying machine made brickwork in 1:6 C/S mortar in super structure above ground floor को १८३.७१ घ.मी. को प्रति घ.मी. ८,५००।००(मू.अ.कर वाहेक) रु १५,६१,५३५.०० , आइटम नं. ९ stone machinery work in 1:6 C/S mortar in super structure को ६४.२६ घ.मी. को प्रति घ.मी. ८०००.००(मू.अ.कर वाहेक) को रु ५,१४,०००.०० भुक्तानी भएको छ ।शुरु वी.ओ.क्यू. अनुसार स्टोन मेशिनरीको लागत रु २४,४७,२१५।०० रहेकोमा व्रिक मेशिनरी आइटम वनाई रु ६५,८२,२३३।३४ भुक्तानी भएकोले पालिकालाई रु ४१,३५,०१८.४६ थप आर्थिक भार परेको छ । थप आर्थिक भार पर्ने गरी काम गराई भुक्तानी गर्ने कार्य नियम सम्मत भएन रु.

| | |
|---|---|
| अनियमित भएको | ४१,३५,०१८ |

३१.२ **ख . वढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था

छ । यस निर्माण कार्यको चौथो रनिङ्ग विल वापत निर्माण व्यवसायी धुलिखेल/एल.बि.ए.बि. जे.भी. (६१३३५८४००) लाई रु १,५१,५१,५२५।०० भुक्तानी भएको छ । Item no. 7. Providing & laying machine made brickwork in 1:6 c/s mortar कार्यको लागि जोडजम्मा फरक पारी १८०.१५७ घ. मी. को रु २३,५००।००(मू अ कर वाहेक) प्रति घ.मी. का दरले रु ४२,३३,६८५।६२ भुक्तानी भएको छ । Top Floor को Lintel Band, Still Band को भाग कट्टी गर्नुपर्नेमा नघटाई २.३१५ घ. मी. को रु २३,५००।००(मू अ कर वाहेक) प्रति घ.मी. का दरले रु ५४,४०२।५० बढी भुक्तानी भएकोले वढी भुक्तानी भएको रु ६१,४७४।८२(मू अ कर समेत) सम्वन्धितवाट असुल हुनु पर्दछ रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६१,४७४ |

३२. **ठे.नं. १७/०७७/०७८ नौगाड गाउँपालिका प्रशासकिय भवन निर्माण कार्य** -

३२.१ ठे.नं. १७/०७७/०७८ नौगाड गाउँपालिका प्रशासकिय भवन निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी राजेन्द्र-नमस्कार-सिद्धनाथ जे.भी. (पान नं. ६१५१९१५०४) बीच कवोल अंक रु ६,४३,८७,४४४/५२ (मू. अ. कर र पि.एस. समेत) को मिति २०८१।०३।०९ मा सम्पन्न गर्नेगरी मिति २०७८।०६।१७ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

**क . कार्यसम्पादन जमानतको अवधि -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (डिफेक्ट लायविलिटिज) भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको लागि कार्य सम्पादन जमानतको अवधि ०२ जेनवरी २०२४ सम्म रहेको छ । त्रुटी सच्याउने अवधि र थप एक महिनाको अवधि खाम्ने कार्यसम्पादन जमानत पेश हुनुपर्नेमा शुरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने अवधि समेत नखाम्ने कार्यसम्पादन जमानत पेश भएकोमा समेत खरिद सम्झौता भएको देखियो ।त्रुटी सच्याउने अवधिमा थप एक महिनाको अवधि खाम्ने कार्यसम्पादन जमानत पेश हुनुपर्दछ ।

३२.२ **ख . वढी भुक्तानी -** ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२८ को निर्णयबाट रु.१४,९१,०३७ सम्परीक्षण गरिएको ।)

३३. **ठेक्का व्यवस्थापन र भुक्तानी** -

३३.१ **एज विल्ट ड्रइङ्ग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिम (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ ।खरिद सम्झौताको विशेष शर्तको बुँदा नं. GCC 71.2 मा एज विल्ट निर्माण गर्नुपर्ने व्यवस्था लागू नहुने उल्लेख भएको छ । भवन निर्माण कार्य सम्पन्न

पश्चात एज विल्ट निर्माण गर्नुपर्ने व्यवस्था खरिद सम्झौतामा उल्लेख गरिनु पर्दछ । यसका केही उदाहरणहरु निम्नानुसार रहेका छन :

| ठे.नं. | सम्झौता रकम | अन्तिम भुक्तानी मिति | कैफियत |
|---|---|---|---|
| ०१/०७९/८० | ४०,२०,२८१ | ०८०।०२।११ | |
| ०३/०७९/८० | २२,७०,८५८ | ०७९।११।२९ | |
| ०४/०७९/८० | १४,९४,१४५ | ०८०।०२।०९ | |
| ०२/०७९/८० | १८,७८,९७५ | ०८०।०३।१५ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम<br>११७ अनुसार कार्यस्वीकार प्रतिवेदन समेत तयार गरेको छैन । |

---

३३.२ **पेश्की जमानतको अवधि -** खरिद सम्झौताको SCC को GCC 57.1 मा Advance Parments shall be paid in two equal installments and to the Contractor. A. 10% after agreement on submission of APG. B. 10% after starting of work को व्यवस्था रहेको छ । खरिद सम्झौताको SCC को GCC 57.3 मा Advance Deductions from payment certificates will commence in the first certificate in which the value of works executed exceeds 30% of the contract price. Deduction will be at the rate of 40% of the respective monthly interim payment certificate until such time as the advance payment has been repaid; provided that the advance payment shall be completely repaid prior to the end of 80% of the approved contract period को व्यवस्था रहेको छ । खरिद सम्झौता विपरीत निर्माण व्यवसायीलाई कम अवधिको अग्रीम बैंक जमानत लिई एकमुष्ट पेश्की दिने गरेको पाइयो । यसका केही उदाहरणहरु निम्नानुसार रहेको छ :

| ठेक्का नं. | सम्झौता रकम | पेश्की भुक्तानी | पेश भएको जमानतको अवधि | हुनुपर्ने बैंक जमानतको अवधि |
|---|---|---|---|---|
| ०३/०७९/८० | २२,७०,८५८ | ४,५४,००० | २०७९।११।३० | २०८०।०२।३१ |
| ०४/०७९/८० | १४,९४,१४५ | १,४९,००० | २०७९।११।३० | २०८०।०२।३१ |
| ०१/०७९/८० | ४०,२०,२८१ | ८,००,००० | २०७९।११।३० | २०८०।०२।३१ |
| ०२/०७९/८० | १८,७८,९७५ | ३,७५,००० | २०७९।११।३० | २०८०।०२।३१ |

---

## ३४ ठे.नं. ०८/०७९/८० धुलिगडा एगरभगे सडक निर्माण योजना कार्य -

३४.१ ठे.नं. ०८/०७९/८० धुलिगडा एगरभगे सडक निर्माण योजना कार्यको लागि पालिका र निर्माण व्यवसायी कैलाश कन्स्ट्रक्सन वीच कवोल अंक रु २४,२४,२८७।३८ को मिति २०८०।०३।१५ मा काम सम्पन्न गर्ने गरी मिति २०८०।०१।१० मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

**क . लागत अनुमान** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यका लागि स्वीकृत नर्म्स र जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको लागत अनुमान रु ३३,६७,३१०।८५ (मू .अ. कर वाहेक) रहेको छ । ग्याविन र ढुङ्गा भर्ने कार्यको लागत अनुमान तयार गर्दा इक्वीपमेण्ट का लागि ज्यामीको ३% खर्च राखी लागत अनुमान तयार गरेको छ । नर्म्समा इक्वीपमेण्ट का लागि ज्यामीको ३% लागत जोडने व्यवस्था छैन् । नर्म्सको परिपालना गरी लागत अनुमान तयार गरी मितव्ययीता कायम गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

३४.२ **ख . कार्यस्वीकार प्रतिवेदन** - सार्वजनिक खरिद नियममावली, २०६४ को नियम ११७ मा कार्यस्वीकार प्रतिवेदन सम्वन्धी व्यवस्था छ । यस निर्माण कार्यको अन्तिम विल वापत रु ४,७२,३८३।०० भुक्तानी भएको छ । उक्त कार्यका लागि लागत अनुमानको तुलनामा २८% घटीमा कवोल गरी खरिद सम्झौता भएको छ । यस निर्माण कार्यको लागि जम्मा रु १८,९८,२२३।०३ को काम गराई कार्य स्वीकार प्रतिवेदन तयार गरेको छ । खरिद सम्झौता अनुसारको सम्पूर्ण काम गराई कार्य स्वीकार प्रतिवेदन तयार गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।तुलनात्मक रुपमा वढि कवोल गरेको आइटमको परिमाण वि.ओ.क्यु. परिमाण भन्दा वढी काम गरेको र कम कवोल गरेको आइटमको परिमाण वि.ओ.क्यु. परिमाण भन्दा घटी काम गर्नाले निर्माण व्यवसायीलाई लाभ पुग्न जाने देखिन्छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । यस निर्माण कार्यको अवस्था निम्नानुसार रहेको छ :

| आइटम | वी ओ क्यू परिमाण | काम भएको परिमाण | सम्झौता दर | लागत अनुमानको तुलनामा कवोल दरको घटी प्रतिशत |
|---|---|---|---|---|
| Roadway excavation in all types of soil | 8459.25 cum | 2400.35cum | 110 | 45.72% |
| Excavation for foundation (retaining wall) | 21.60 cum | 14.64 cum | 200 | 68.67% |
| Dry rubble stone soling in foundation | 5.4 cum | 3.66 cum | 3000 | 31.61% |
| Cement concrete of 1:3:6 (retaining wall) | 5 cum | 2.65 cum | 6000 | 61.76% |

| | | | | |
|---|---|---|---|---|
| Rubble masonry works 1:6 | 62.50 cum | 68.43 cum | 7000 | 36% |
| Supplying of machine made gabion box of 2*1*1 filling with stone | 44 Box | 62Box | 6500 | 23.47% |
| Supplying of machine made gabion box of 1.5*1*1 filling with stone | 72 Box | 84 Box | 6000 | 9.77% |

---

३५. **उपभोक्ता समितिबाट सम्पादित कार्य -** कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्दावधिक गरेको छैन । पालिकाले नौगाड गाउँपालिकाको श्रम सहकारी गठन परिचालन तथा व्यस्थापन कार्यविधि, २०७९ तयार गरी श्रम सहकारी दर्ता गरी सोही समितिबाट कार्य गराएको छ । उक्त कार्य उपभोक्ता सिमिति जस्तै पालिकामा दर्ता भएर कार्य गरेको देखिन्छ । पालिकाले गत बिगत र यो वर्षमा शुरुवात भइ काम भएका २५१ वटा योजनाहरु संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको रु. ७,६५,५५,०००। को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु ९,१८,६६,००० को कार्य भएको देखिएकोमा रु १,५३,११,०००को कार्य जनसहभागिताबाट गरी रु ७,३४,९२,८०० । भुक्तानी भएको बिबरण पेश भएको छ । यस वर्ष कुल पूजिगत खर्च रु १२,७०,४०,५८० । मध्ये उपभोक्ताबाट ५७.८५% प्रतिशत उपभोक्ताबाट सम्पादन गरेकोछ । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को व्यवस्था बमोजिम लेखापरीक्षणको क्रममा नमुना छनौटको आधारमा देखिएका व्यहोराहरु देहायानुसार छनः

**१.** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ को दफा ३ उपदफा २, दफा ४ उपदफा १ खण्ड ञ र दफा ४ को उपदफा १ खण्ड ट को व्यवस्था अनुसार कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, लगायतका मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी कुल लागत रु १ करोडसम्म भएको तथा स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । उपभोक्ता

समिति गठन गर्दा समावेशी सिद्धान्त अनुसार ३३ प्रतिशत महिला सदस्य हुनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उपयुक्त व्यवस्थाको पूर्ण पालन भएको देखिदैन । उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

२. **भुक्तानीको सिफारिस -** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा आंशिकमा फोटाहरु संलग्न राख्ने गरेको देखियो । केहि योजनाहरुमा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको र केहिमा त्यस्तो सिफारिस समेत संलग्न नगरेको समेत देखियो । उपभोक्ताबाट सम्पादित कार्य केहिमा फोटो संलग्न भएको भएतापनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । सबैजसो योजनाहरुमा वडास्तरिय अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

३. **कामको नापजाच र हस्तान्तरण -** योजनाहरुको नापी कितावमा प्राविधिक कर्मचारीको हस्ताक्षर नै देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापीकिताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी, प्रमुख प्रशासकिय अधिकृत र उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो । उपभोक्ता समितिबाट गरिएका कार्यहरुको यथार्थ मुल्याकंन सम्वन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । सम्वन्धित वडा तथा स्थानिय तहले संचालन गरेका योजनाहरुको अभिलेख अद्यावधिक गर्ने गरेको पाइएन । अद्यावधिक नगरेका कारण आवधिक रुपमा भुक्तानी भएका योजनाहरु दोहोरो परे नपरेको एकिन गर्न सकिएन । पालिकाले योजनाहरुको अद्यावधिक लगत बनाई राख्नुपर्दछ ।

४. **जनसहभागिता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । नगरपालिकाले आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वयन गर्दा अधिकाशं योजनामा १० प्रतिशत उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समिति गठन गरी कुल लागत अनुमानको १० प्रतिशत रकम ब्यहोर्ने गरी सम्झौता गरेको देखियो । उपभोक्ताको अंश नगद नरहि श्रमदानबाट हुने देखिन्छ । कतिपय मेशिनबाट काम गर्ने कार्यको लागि उपभोक्ता समितिका विजकमा डोर हाजिरी संलग्न राखेको देखियो । कामको प्रकृती, प्राविधिक विल, उपभोक्ता समितिबाट पेश भएका प्रमाणहरु एक अर्कामा मेल भएको देखिदैन । प्राविधिक विलमा उल्लेख भएको निर्माण सामग्री बराबरको सिमेन्ट, रड, इटाको विजक नराखि डोर हाजिर भुक्तानी भएको परिमाण भन्दा बढिको राखेको देखिन्छ । यसबाट गुणस्तरीय कार्य भएको छ भन्न सकिने आधार देखिएन

। पालिकाले यस सम्वन्धमा आवश्यक निति अख्तियार गर्नुपर्दछ । साथै, उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नुपर्दछ ।

५. **सार्वजनिक परिक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने(विद्यालय भवनहरु), मन्दिर निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

६. बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको आश्वस्त हुन सिक्ने अवस्था देखिएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

७. **अनुगमन समिति -** गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विवरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

८. **म्यादथप -** पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भइ शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना आएको छैन भन्न सकिने अवस्था देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

९. **जटिलसंरचना निर्माण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने

व्यवस्था रहेको छ । पालिकाले गरेका निर्माण कार्यहरु मध्ये अधिकाशं निर्माण कार्य आर सि सी फ्रेम स्ट्रक्चर सहितका भवन निर्माण, सडक ढलान गर्ने, मन्दिर निर्माण, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराउन उपयुक्त हुने देखिन्छ । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

**१०.** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ र पालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी,२०७५ को दफा ३ उपदफा २, दफा ४ उपदफा १ खण्ड ञ र खण्ड ट लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा कुल लागत रु १ करोडसम्म भएको र स्थानीय सीप, स्रोत साधन उपयोग हुने श्रममूलक आयोजना उपभोक्ता समितिबाट कार्य गराउन सकिने, जटिल प्रकृतिका र उपभोक्ता आफुले गर्न नसकिने कार्यहरु उपभोक्ता समितिबाट गराउन नहुने आदि सम्बन्धी प्रावधानहरु रहेका छन् । पालिकाले कार्यान्वयनमा ल्याएको कार्यविधिको दफा १६ ङ सँग सम्वन्धित अनुसूची ६ मा निर्माण सामग्रीमा भएको खर्च, ज्याला, मसलन्द सामान, दैनिक भ्रमण भत्ता, प्राविधिक निरीक्षण वापत खर्च र अन्य खर्चको विवरण समावेश गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार भुक्तानी भएका योजनाहरु परीक्षण गर्दा आयोजनाको लागत अनुसार खर्च रकम कम भएको देखिन्छ । पालिकाले कार्यान्वयनमा ल्याएको कार्यविधि, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा भएको व्यवस्था बमोजिम उपभोक्ता समितिको गठन, संचालन, योजनाहरुको सम्झौता, योजनाहरुको कार्यन्वयन, योजना अनुगमन, पेश्की फछ्र्यौट, योजनाहरुको कार्य सम्पन्न, योजना फरफारक लगायतका विषयहरुको पूर्णपालना भएको देखिदैन । उपरोक्त व्यवस्था बमोजिम काम भएको हो भनी आश्वस्त हुन नसिकएका उपभोक्ता समितिबाट सम्पादित योजनाहरुको विवरण अनुसूची १ मा संलग्न छ । पालिकाले कानूनमा भएको व्यवस्थाको पूर्णपालना गर्नुपर्दछ ।

३६. **होपरीगाड लघु जलविद्युत्त** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्रही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने व्यवस्था छ । पालिकाले वडा न ३ मा रहेको होपरीगाड प्रथम लघु जलविद्युत आयोजनाको पाइप खरिद तथा नहर मर्मत कार्यको लागि गाउँपालिका, निर्माण व्यवसायि र होपरीगाड विद्युत आयोजना उसविच रु ५५,९३,९५२। को लागत अनुमान तयार गरी सम्झौता गरेको देखियो । पहिलो रनिङ विलबाट रु १६,३१,७२०।, दोश्रो रनिङविलबाट रु ३१,८८,३२८।९० र तेस्रोबाट रु २१२,०,४२३। सहित जम्मा रु ६९,४०,४७१। भुक्तानी गरेको छ । उक्त खरिद कार्यको धरौटी पालिकामा राखेको देखिन्छ । उक्त खरिद कार्यमा लाभग्राही समुदायको प्रत्यक्ष रोजगारी सृजना हुने, मितव्ययी भएको तथा प्रतिस्पर्धा भएको छ भन्न सकिने आधार देखिदैन । साथै यस पालिकामा राष्ट्रिय ग्रिड जडानको चरणमा रहेकोले सोही कार्यक्रमलाई सहयोग पुग्ने गरी कार्यक्रम संचालन गर्न सकेमा सहयोग पुग्न गई छिटो विद्युत पहुच पुग्न सक्ने गरि कार्य गरेको देखिदैन । वार्षिक रुपमा लाभलागत विश्लेषण नगरी साना योजनामा ठूलो रकम खर्च गर्नु फलदायी देखिदैन । यस्तो कार्यमा सुधार गर्नुपर्दछ । साथै उक्त आयोजनामा भएको पालिकाको खर्च अंश एकिन गरी

शेयर स्वामित्व प्राप्त गर्नुपर्दछ । पालिकाले छलफलको क्रममा स्वामित्व ल्याउन कानून तर्जुमा भैसकेको र ८ लघु जलविद्युत्त यसै आर्थिक वर्षभित्र स्वामित्वमा आउने प्रकृयामा रहेको जनाएको छ ।

३७. **तल्लो जमिर ढल निकास** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा खरिद कार्यको लागत अनुमान तोकिए बमोजिम बनाउनुपर्ने व्यवस्था छ । पालिकाले तल्ला जमिर ढल निकास वडा नं ३ को Item no 3 Concreting of foundation $M_{20}$ को लागत अनुमानमा दर विश्लेषण गर्दा जिल्ला दररेट र नर्म्स बमोजिम रु १७०५९। राख्नुपर्नेमा रु १९७८३।४६ को दरले विश्लेषण गरेकोले प्राविधिक विजक बमोजिम उक्त आइटमको ३१.४ घनमिटरको प्रति घनमिटर बढी दर रु २७२४।४६ को दरले हुने रु ८५५४०। असुल गर्नुपर्दछ ।

| असुल गर्नुपर्ने | ८५,५४० |
|---|---|

३८. **पिसिसि बाटो ढलान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । रैचुखोला पुलदेखि भूमिराज आविसम्मको पिसिसि गर्ने बाटोको लागत अनुमानमा उल्लेख भएको चेनेज ०+०० - ०+२०१ सम्म रहेकोमा भुक्तानी गर्दा ०+०० देखि ०+३३१.७ सम्म नापी गरि ३१.४ धनमिटर भुक्तानी गरेको छ । कारण उल्लेख नगरी पिसिसि एम १० ग्रेडको ३१.४० धनमिटरको हुने रु ३,८४,४१५। बढि भुक्तानी भएको छ । यसैगरी RRM works लागत अनुमानमा २०१ मिटर रहेकोमा विजकमा ३३०.९ मिटर अर्थात ३०.६० धनमिटर बढि दिएको छ । उक्त परिमाणको प्रति घनमिटर रु १०२७३। को दरले हुने रु ३१४३५०। बढि भुक्तानी भएको छ । कार्यालयले छलफलको क्रममा काम गर्ने सिलसिलामा बजेटसिमा भित्रै रहि लागत अनुमान भन्दा उक्त आइटममा बढी काम भएको जनाएको छ ।

३९. **सामाजिक सुरक्षा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। यस वर्ष पालिकाले १४०४ लाभग्राहीको लागि रु ४५,६५,०९५३। खर्च वितरण गरेको छ । बैंकको डमी खातामा रहेको रु ८७,३६७। संघीय खातामा जम्मा गरेको छ । पेश गरेको विवरण अनुसार ५ जनाको दोब्बर प्रविष्टि भएको, ३ जनाको मृत्यु भएको, १ अयोग्य रहेको, ७६ नविकरण नभएको र ८ वसाईसराई भएकोले जम्मा ९२ जनाको लगत कट्टी गरेको छ । पालिकाले थप अनुगमन गरी दोहोरो पर्न नदिने गरी सुनिश्चित गर्नुपर्दछ ।

४०. **नाफामुलक संस्थालाई अनुदान** - सहकारी नियमावली, २०७५ को नियम ३ मा सदस्यहरुविच नियमित वचत संकलन गर्ने, लगानी गर्ने तथा ऋृण सापटी प्रदान गर्ने कार्य सहकारी संस्थाले गर्न सक्ने उल्लेख छ । सहकारी संस्थाहरुको उद्देश्य बचत परिचालन गरी मुनाफा आर्जन गर्न बैङ्किङ प्रकृतिको कार्य रहेको हुदा यस्ता संस्थालाई भवन निर्माण लगायतका कार्यमा सहयोग गर्नु नियमसम्मत देखिदैन । पालिकाले

विजय वचत तथा ऋृण सहकारी संस्थालाई भवन निर्माण कार्यको लागि रु ४,७८,१५९। भुक्तानी गरेको छ । नाफामुलक संस्थालाई दिएको यस्तो रकम पालिकाले ऋृण लगानी वा शेयर हिस्सा देखाउनुपर्नेमा सो नगरेको देखिएकोले आवश्यक प्रमाण पेश गर्नुपर्दछ । नाफामुलक संस्थालाई यस प्रकारको निर्माण कार्यमा रकम भुक्तानी गर्ने कार्यमा सुधार गरी शेयर हिस्सा वा ऋृण लगानी प्रमाण देखाउनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७८,१५९ |

४१. **चेनेज फरक भुक्तानी** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुने पनि खरिद कार्यको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरियशन आदेश जारी गर्न सकिने व्यवस्था छ । पालिकाले धुलिगडा खोलापुल देखि पन्ढुङ्गाखान सम्म पिसिसि बाटो निर्माण गर्दा लागत अनुमानको आइटम नं. ५ को RRM with 1:6 cement sand mortar कार्यमा चनेज नं. ०+०३०-०+०३४ र ०+१०९-०+११४ उल्लेख गरी ५१।४४ धनमिटर परिमाण उल्लेख गरेको देखियो । फाइनल प्राविधिक विलमा उक्त चेनेजमा काम भएको नदेखाई नयाँ चेनेजमा नापी गरेको देखियो । उक्त कार्यको लागि ल.ई रु ५,२८,५१८। रहेकोमा वास्तविक भुक्तानी रु ५,८९,७३१। रहेको छ । लागत अनुमानमा रहेको चनेज भन्दा अन्य चेनेज नापजाँच गर्नुको कारण उल्लेख नगरेको तथा कानून बमोजिम भेरियशन आदेश जारी गरेको देखिएन । कार्यालयले छलफलको क्रममा कामको प्रकृति अनुसार वालको काम गर्नुपर्ने आवश्यकता भएकोले गरिएको हो । यसबाट पालिकालाई थप व्यभार नपरी अपरिहार्य कार्यको लागि गरिएको जनाएको छ ।

४२. **थ्रेसर खरिद** - पालिकाले १० वटा थ्रेसर किन्नको लागि रु १० लाख विनियोजन गरेकोमा १० जनाले बुझेको भरपाई संलग्न राखेको छ । भौचरमा विक्रेता जय गुरुदेव कृषि सप्लायर्सको ७ वटा खरिद गरेको विजक रहेको छ । पालिकाले उपभोक्ता अंश २० प्रतिशत राखेकोमा उक्त कार्यमा उपभोक्ता अंश समावेश गरेको देखिदैन । सार्वजनिक खरिद कानून बमोजिम शिलवन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको छ । साथै कार्यक्रम संचालन गर्दा कृषक माग आकृति फारम, लागत अनुमान कार्यक्रम स्विकृत नगरी सिधै भुक्तानि गरेको छ । कृषकको खेति/उत्पादकत्व लगायतका विषयहरुलाई आधार लिई अनुदान वितरण गर्नुपर्नेमा सो गरेको देखिदैन । यस्तो कार्यमा सुधार गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता अंश रु २ लाख कट्टा आनुपातिक भुक्तानी गर्नुपर्नेमा सो नगरेको अवस्था छ । कार्यालयले छलफलको क्रममा थ्रेसर खरिद वडा नं ४ को १० लाख बजेटमा ९,१०,००० का ७ वडा थ्रेसर र ९० हजार ढुवानी गरेको र उपभोक्ताको अंश २०% लगानी नगद उठाइ तीनवटा थ्रेसर खरिद गरेको खरिद विजक संलग्न रहेको छ । हाल १० वटै थ्रेसर वडामा रहेका जानकारी गराएको छ ।

४३. **फायल पेश नभएको** - ठेक्का नं. NRM/NCB/05/2078/79 को सुकेखोला पनढुङ्गा सडक निर्माण कार्य लटिनाथ निर्माण सेवासँग सम्झौता गरेकोमा उक्त ठेक्का फायल लेखापरीक्षणको क्रममा पेश भएन । यस भौचरको व्यहोरामा पहिलो तथा अन्तिम विल भुक्तानी उल्लेख गरेको छ । भौचरसँग कार्यस्विकार प्रतिवेदन संलग्न राखेको छैन । निर्माण व्यवसायिबाट २०७९।३।२३ मा फाइनल विल भुक्तानीका लागि रु ६४,१७,२५७ अनुरोध भएको छ ।

४४. **जग्गा धनीपूर्जा** - वडा कार्यालय घेरपर्खाल अन्तर्गतको १३ लाख रकम मध्ये कार्यालय भवन निर्माण गर्दा जग्गा मिचिएको भनी श्री गोरे धामीलाई रु ५ लाख भुक्तानी दिएको छ । घेर पर्खाल निर्माण गर्दा जग्गा एकिन नगरी निर्माण गरी उक्त भुक्तानी गर्नपरेको देखिन्छ । जग्गा धनीको कति जग्गामा पर्खाल लागेको हो सो एकिन गरेको देखिदैन । उक्त जग्गाको यथार्थ मूल्यांकन नगरी भुक्तानी दिनु नियमसम्मत देखिदैन । लेखापरीक्षण अवधिमा जग्गा धनी पूर्जा प्राप्त भएको जनाए पनि पेश गरेको छैन । जग्गा प्राप्त गर्दा स्थानीय दररेट अनुसार मितव्ययी भए नभएको एकिन हुनुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

४५. **सामाजिक सुरक्षा** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यस पालिकाको आ.व.२०७९।८० मा रु.४,५६,०२,७७५। बैकबाट वितरण गरेको छ ।

४६. **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको पालिकाले यो बर्ष रेडियो मालिर्काजुन एफएमसँग सम्झौता गरी ४ पटक सम्म सार्वजनिक सुनुवाई गरी रु.३,००,०००। भुक्तानी गरेको देखियो । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

४७. **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राखुपर्दछ।

४८. **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले कम्प्युटर सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.४,८९,२९०। खर्च गरेकोमा

खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

४९. **वीमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका १० लाख भन्दा माथिका योजनाहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५०. **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

५१. **लागत सहभागिता —** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : नौगाड गाउँपालिका, दार्चुला , नौगाड गाउँपालिका , दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पुष्कर सिंह धामी | २०७८-१२-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दल बहादुर बोहरा | २०७६-१०-१५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,७०८,५२७ | ४,२९१,०१८ | २,०८४,६५३ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ८,०८४,१९८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १,४९१,०३७ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ६,५९३,१६१ |

स्थानीय तह -

| **गत बर्षको जिम्मेवारी** | | २९७१३७५३.३७ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३९३२२५४४२.४ | **चालु खर्च** | ३११४८०१६८.४७ |
| **प्रदेश सरकारबाट अनुदान** | २८६१९९२८ | **पूँजीगत खर्च** | १५५२४६२४९ |
| **राजश्व बाँडफाँट** | ७३२२५३९५.८७ | **वित्तीय/अन्य व्यवस्था** | ४६२०३३२० |
| **आन्तरिक आय** | ४३२५६०४.३८ | | |
| **अन्य आय** | १४२४५१५७.१ | | |
| **कुल आय** | ५१३६४१५२७.७५ | **कुल खर्च** | ५१२९२९७३७.४७ |

| बाँकी मौज्दात | ३०४२५५४३.६५ |
|---|---|

बेरूजु दफा २५.१ सँग सम्बन्धित विवरण - अनुसूची -३

| सि.नं. | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थि अनुपात |
|---|---|---|---|---|
| 1 | नौगडेश्वरी आविहोपरीगाड | ३ | ५५ | १८ |
| 2 | भूमिराज आवि धौलोटे | ३ | ४२ | १४ |
| 3 | भूमिराज आवि रैचु | ७ | १२३ | १८ |
| 4 | मालिकार्जुन आवि एगरभगे | ७ | ११८ | १७ |
| 5 | समैजी मा.वि. सौकेबगर | १० | २०५ | २१ |
| 6 | देवी आवि गडिगाड | ७ | ११५ | १६ |
| 7 | समैजी आवि परीगाउँ | ६ | ११७ | २० |
| 8 | जनहित मावि धुलिगाडा | १७ | ६९५ | ४१ |
| 9 | मालिकार्जुन आवि सल्याड | ३ | ९७ | ३२ |
| 10 | भवानी आवि धुलिगडा | ६ | ७६ | १३ |
| 11 | भूमिराज आवि खालिडाडा | ३ | ९२ | ३१ |
| 12 | दुर्गा आवि डाडा | ३ | ७५ | २५ |
| 13 | जयदेवी आवि रैचु | ३ | ५९ | २० |
| 14 | मालिकार्जुन आवि मल्ला रैचु | २ | २० | १० |
| 15 | दिपज्योति आवि च्युरेबगड | ४ | ७७ | १९ |
| 16 | सल्लेधार आवि सल्ला | ३ | ५४ | १८ |
| 17 | देवेश्वरी आवि कैदमकोट | २ | ४१ | २१ |
| 18 | गौरीशंकर मावि नागु | ११ | १७२ | १६ |
| 19 | भवानी आवि साङपाङ | ३ | ६२ | २१ |
| 20 | दुर्गा भवानी आवि जात्रा | ३ | ३४ | ११ |
| 21 | भुमिराज मावि इयरकोट | १२ | २३६ | २० |
| 22 | परमेश्वरी आवि पनखाए | २ | २० | १० |

| | | | | |
|---|---|---|---|---|
| 23 | हिमालयसिद्धनाथ आवि गोफा | २ | १४ | ७ |
| 24 | महादेव आवि लक्सेरी | ३ | ६९ | २३ |
| 25 | कृष्ण आवि चौरीगाउँ | ७ | १६१ | २३ |
| 26 | लटिनाथ मा वि खार | १७ | ५४५ | ३२ |
| 27 | पानीधारा आवि दल्लेख | ३ | ५८ | १९ |
| 28 | केदारेश्वरी मावि सुण्डमुण्ड | १२ | ३६३ | ३० |
| 29 | ताराकोट भवानी आवि जामिर | ६ | १९७ | ३३ |
| 30 | गणश आवि डाडाजामीर | ३ | ५२ | १७ |
| 31 | पसरौल आवि देउलाड | ३ | ६९ | २३ |
| 32 | डाडाबाग आवि तल्लासुण्डमुण्ड | ४ | १३३ | ३३ |
| 33 | सिद्धनाथ आवि पारीमेला | २ | ९ | ५ |
| 34 | दुर्गाभवानी आवि डाडा | ४ | ८९ | २२ |
| 35 | मालिकार्जुन आवि भिड | ३ | ४६ | १५ |
| 36 | गणेश विनायक मावि सिप्टि | १९ | ८८० | ४६ |
| 37 | भैरवराज आविहोपरी | ७ | २०७ | ३० |
| 38 | दुर्गाभवानी आवि घोरकट्ट्या | ३ | ६६ | २२ |
| 39 | भैरवनाथ आविभैरौं | ३ | ४० | १३ |
| 40 | डाडाबाग आवि चोटके | ४ | ५५ | १४ |
| 41 | डाडाबाग आवि गैरा | ३ | ६९ | २३ |
| 42 | भवानी आवि मल्लामट्टे | २ | २१ | ११ |
| 43 | जलदेवी आवि घट्टकसाड | २ | २९ | १५ |
| | **जम्मा** | २३२ | ५७५७ | २५ |